नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०८३।८४

चलानी नं.:- ६५

मिति: २०८३/५/१

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
जावलाखेल, ललितपुर।

श्री सूचना प्रविधि शाखा,
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

विषयः- वेबसाइटमा सूचना प्रकाशन गरिदिनु हुन ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा सिफारिसको लागि दरखास्त आह्वान सम्वन्धी संलग्न सूचना मन्त्रालय/प्रतिष्ठानको वेबसाइटमा प्रकाशन गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

(नमराज वाग्ले)
शाखा अधिकृत

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना
## (तेस्रो पटक प्रकाशित मिति २०८३/५/२)

**(पहिलो र दोस्रो पटक प्रकाशिन सूचना बमोजिम दरखास्त पेश गरेका उम्मेदवारको दरखास्त कायमनै राखिने हुँदा निजहरुले पुनः दरखास्त पेश गर्नु पर्ने छैन)**

नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९ को दफा ११ को उपदफा (२) बमोजिम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्ने भएकोले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ अनुसार देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ बमोजिम न्युनतम योग्यता तथा अनुभव पुगेको र सोही मापदण्डको दफा ५ बमोजिम अयोग्यता नभएको हुनु पर्नेछ। उम्मेदवारले दरखास्तसाथ देहायका कागजात पेश गर्नु पर्नेछः

(१) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने संलग्न बमोजिमको दरखास्त फाराम,
(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(३) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ को (क) बमोजिम न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),
(४) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ को दफा ४ को (ख) बमोजिम अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,
(५) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,
(६) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रमाणित प्रतिलिपि,
(७) संलग्न बमोजिमको स्वःघोषणा,
(८) उम्मेदवारले दरखास्त साथ प्रतिष्ठानको दीर्घकालीन सोचसहितको रणनीतिक (कार्ययोजना २५००-३००० शब्दमा नबढ्ने गरी) तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछः
   (क) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको,
   (ख) तीनै प्रति कार्ययोजनाको प्रथम पृष्ठमा संलग्न बमोजिमको प्रथम पृष्ठ संलग्न गर्नु पर्ने छ। पेश गरेको रणनीतिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनु पर्नेछ। सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनु पर्नेछ।
   (ग) रणनीतिक कार्ययोजना खाम भित्र राखी शिलबन्दी गरिएको हुनु पर्नेछ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

(घ) रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

(११) **दरखास्त पेश गर्ने अन्तिम मितिः**

सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८३/५/८ गते कार्यालय समय भित्र)। अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन।

(१२) **दरखास्त पेश गर्ने स्थानः**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रशासन सुधार महाशाखा, सिंहदरवार।

(१३) मूल्याङ्कन गर्दा लिइने आधार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ मा उल्लेख गरे वमोजिम हुनेछ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी मापदण्ड- २०८३ र दरखास्त आह्वान सम्बन्धी सूचना, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको वेबसाइटमा समेत हेर्न सकिनेछ। यस सम्वन्धमा थप जानकारीका लागि मन्त्रालयको प्रशासन सुधार महाशाखाको फोन नं. ०१—४२००३०२ मा सम्पर्क राख्न सकिनेछ।

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक**
**पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस**
**समिति**

# दरखास्त फाराम

मितिः ____________

श्रीमान् अध्यक्ष ज्यू,
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस समिति।

विषयः दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा।

महोदय,

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस समितिबाट मिति .................................. मा प्रकाशित सूचना बमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु।

**उम्मेदवारको नाम, थरः** ..............................................

**जन्म मितिः** ..............................................

**आमाको नाम, थरः** ..............................................

**बाबुको नाम, थरः** ..............................................

**बाजेको नाम, थरः** ..............................................

**स्थायी ठेगानाः**

प्रदेशः ..............................................

जिल्लाः ..............................................

गाउँपालिका/नगरपालिकाः ..............................................

वडा नम्वरः ..............................................

मोबाइल नं.: ..............................................

इमेलः..............................................

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

शैक्षिक योग्यता सम्बन्धी विवरणः

| शैक्षिक संस्थाको नाम, ठेगाना | उपाधि | अध्ययन वर्ष | श्रेणी/प्रतिशत/GPA | कैफियत |
|---|---|---|---|---|
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |

अनुभव सम्बन्धी विवरणः

| संस्था/निकायको नाम, ठेगाना | पद | कार्यरत अवधि | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |
| | | देखि | | सम्म |

माथि उल्लिखित विवरण ठीक साँचो छ। झुट्टा ठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला।

उम्मेदवारको दस्तखतः ..........................................

मितिः ..........................................

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

## उम्मेदवारको स्व-घोषणा

विषयः स्वःघोषणा सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछुः

| | हो | होइन |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रूपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको | □ | □ |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको | □ | □ |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको | □ | □ |
| (घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य भएको | □ | □ |
| (ङ) संस्थासँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको | □ | □ |
| (च) प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गर्न अयोग्य भएको | □ | □ |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला, बुझाउँला।

उम्मेदवारको

हस्ताक्षरः ..........................................................................

नाम, थरः ..........................................................................

ठेगानाः ..........................................................................

सम्पर्क नम्बरः ..................................................................

## रणनीतिक कार्ययोजनाको पहिलो पृष्ठ

उम्मेदवारको नाम, थरः ....................................
आमाको नाम, थरः ..........................................
बाबुको नाम, थरः ...........................................
बाजेको नाम, थरः ..........................................
ठेगानाः ...................................................
रणनीतिक कार्ययोजना पेश गरेको पदः कार्यकारी निर्देशक
दस्तखतः .......................................

---

कार्यालय प्रयोजनको लागि

प्रथम संकेत नः

- - - - ✂ - - - -

प्रथम संकेत नः

द्वितीय संकेत नं.ः

- - - - ✂ - - - -

द्वितीय संकेत नं.ः